२.९. “बिक्रेता” भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्दछ ।

२.१०. “कृषि व्यवसाय” भन्नाले “कृषि व्यवसाय प्रवर्द्धन ऐन,२०७५”ले निर्दिष्ठ गरेको व्यवसायलाई सम्झनु पर्दछ

२.११. “कोष” भन्नाले “कृषि व्यवसाय प्रवर्द्धन ऐन,२०७५” द्धारा स्थापित कृषि व्यवसाय प्रवर्द्धन कोषलाई सम्झनु पर्दछ ।

२.१२. “कृषक” भन्नाले कृषिजन्य वा पशुजन्य वस्तु उत्पादन प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक खेती वा पशुपालन गर्ने कृषक, कृषक समूह सदस्यहरु, कृषि व्यवसायी, कृषि फार्म संचालक र कृषि सहकारी सदस्यहरुलाई समेत सम्झनु पर्दछ ।

२.१३. “सरकारी पर्ती जग्गा” भन्नाले मालपोत ऐन, २०३४ को दफा २ को खण्ड (ख २) वमोजिमको जमिनलाई सम्झनु पर्दछ ।

२.१४. “करार” भन्नाले भाडा रकम तोकी वा अनुसुची-१ वमोजीम कुनै सरकारी वा नीजि जग्गा उपलव्ध गराउने कार्य सम्झनु पर्दछ ।

२.१५. “करार कर्ता” भन्नाले सरकारी जग्गा लिजमा वा भाडामा प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायलाई सम्झनु पर्नेछ ।

२.१६. “अनुदान” भन्नाले उल्लेखित व्यवसायीक करार पस्चात स्थानियतह द्धारा उपलव्ध गरिने अनुदान रकमलाई सम्झनु पर्दछ ।

**३. उदेश्यहरु :**

३.१. एक वडा एक उत्पादन नमुना कृषि व्यवसाय गर्ने ।

३.२. खाली खाल्सा वाझो तथा खेति लगाउन छाडेका सम्पूर्ण जमिनमा खेति लगाई उत्पादकत्व बृद्दि गरी खाद्यन्नमा राष्ट्रलाई आत्मनिर्भर वनाउने ।

३.३. कृषि क्षेत्रको व्यावसायिकरण गर्न करारनामा सम्झौतामा भूमीको व्यवस्थापन तथा रोजगारीको सृजना गर्ने

३.४. छिमेकी मित्र राष्ट्रहरु वाट आयतहुने कृषिजन्य वस्तुको न्यूनीकरण गरी राष्ट्रिय अर्थतन्त्रलाई थपवलियो वनाउने ।

३.५. कृषि क्षेत्रलाई ब्यावस्थित, सरल, प्रभाबकारी र पारदर्शी रुपमा संचालन कार्यन्वयन गर्ने ।

३.६. गरिव न्यून आय भएको र भूमीहिन कृषकहरु लाई कृषिमा संलग्न गराई उनिहरुको आयाआर्जन वढाउने ।

## परिच्छेद-२

करारनामा, कोष संचालन, उत्पादन, सम्बन्धी व्यवस्था

**४. लिज/करार गरि जग्गा उपलव्ध गर्न सकिने :**

४.१ सरकारी खाली पर्ती वा निजि जग्गाको क्षेत्रफल चारकिल्ला सिमा निर्धारण पस्चात स्थानियतहले अनुसुची - १ मा उल्लेखित प्रयोजन र न्यूनतम् लिज रकम तिरी लिज वा करारमा उपलव्ध गराउन सक्नेछ ।

४.२ स्थानिय कृषि व्यवसाय प्रवर्द्धन उप समिति तथा कृषि व्यवसाय प्रवर्द्धन समितिको सिफारिसमा गाउँपालिकाको वैठक वाट निजि वाझो भए जग्गा धनि संग गाउँपालिकाले करारमा लिएर वा नेपाल सरकारको नाममा दर्ता कायम रहेको भए दफा ५ वमोजीम अवधि निर्धाण गरी अन्य कृषि व्यवसायी संग करार गर्न सक्नेछ ।

**५. लिज/करार को प्रकार, अवधि देहाय वमोजिम हुनेछ :**

५.१. अल्पकालिन करार ५ वर्ष

५.२. मध्यकालिन करार १० वर्ष

५.३. दीर्घकालिन करार २० वर्ष

**६. कृषि व्यवसाय संचालन/प्रवर्द्धन कोषको व्यवस्था :**

६.१. कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ ले व्यवस्था गरे अनुसार कृषि व्यवसाय प्रवर्द्धन गर्न गाउँपालिका स्तरिय कोष गठन गरि आवस्यक रकमलाई विनियोजन गरिनेछ ।

६.२. दफा-६.१ मा गठीत कोषको रकम खाली खाल्सा, वाझो (पर्ती) तथा खेति लगाउन छाडेका निजि वा सार्वजानीक जमिनमा सम्भाव्यता अनुसार कृषि जन्य, मत्स्य, पशु जन्य उत्पादन, प्रसोधन, प्याकेजीङ्ग,

**अनुसुची-२**

दफा ६.२ संग सम्वन्धित

| क्र.सं. | विवरण | क्षति प्रतिशत | क्षतिपुर्ति प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | क) तरकारी वाली (वन्दा, काउली, मोटर, रायो साग वा अन्य) | २५- ५०% | २५% (लागत मुल्यमा) | कृषि विमा नगरिएको अवस्थामा मात्र |
| | ख) तरकारी वाली (वन्दा, काउली, मोटर, रायो साग वा अन्य) | ५०- ७५% | ३५% (लागत मुल्यमा) | ,, ,, |
| | ग) तरकारी वाली (वन्दा, काउली, मोटर, रायो साग वा अन्य) | ७५- १००% | ५०% (लागत मुल्यमा) | ,, ,, |
| २ | क) खाद्यन्न वाली (धान,मकै गहु कोदो फापर आदि) | २५- ५०% | २५% (लागत मुल्यमा) | ,, ,, |
| | ख) खाद्यन्न वाली (धान,मकै,गहु कोदो फापर आदि) | ५०- ७५% | ३५% (लागत मुल्यमा) | ,, ,, |
| | ग) खाद्यन्न वाली (धान,मकै,गहु कोदो फापर आदि) | ७५- १००% | ५०% (लागत मुल्यमा) | ,, ,, |
| ३ | क) नगदे वाली (अदुवा, लसुन, प्याज, चिया, कफी, अलैची,अकवरे, चुकन्दर) | २५- ५०% | २५% (लागत मुल्यमा) | ,, ,, |
| | ख) नगदे वाली (अदुवा, लसुन, प्याज, चिया, कफी, अलैची,अकवरे, चुकन्दर) | ५०- ७५% | ३५% (लागत मुल्यमा) | ,, ,, |
| | ग) नगदे वाली (अदुवा, लसुन, प्याज, चिया, कफी,अलैची,अकवरे, चुकन्दर) | ७५- १००% | ५०% (लागत मुल्यमा) | ,, ,, |
| ४ | क) तेलहन वाली (तोरी,सुर्यमूखी) | २५- ५०% | २५% (उत्पादन मुल्यमा) | ,, ,, |
| | ख) तेलहन वाली (तोरी,सुर्यमूखी) | ५०- ७५% | ३५% (उत्पादन मुल्यमा) | ,, ,, |
| | ग) तेलहन वाली (तोरी,सुर्यमूखी) | ७५- १००% | ५०% (उत्पादन मुल्यमा) | ,, ,, |
| ५ | दलहन वाली (भट्टमास, राजमा, मास, वोडी, घ्यू सिमि,केराउ) | २५- ५०% | २५% (उत्पादन मुल्यमा) | ,, ,, |
| | ,, ,, | ५०- ७५% | ३५% (उत्पादन मुल्यमा) | ,, ,, |
| | ,, ,, | ७५- १००% | ५०% (उत्पादन मुल्यमा) | ,, ,, |
| ६ | पशुपालन | | | |
| | दुहुना गाई | ७५- १००% | ५०% (वजार मुल्यमा) | ,, ,, |
| | दुहुना भैसी | ७५- १००% | ५०% (वजार मुल्यमा) | ,, ,, |
| | गोरु (कोरली,वहर,जोत्ने गोरु) | ७५- १००% | ५०% (वजार मुल्यमा) | ,, ,, |
| | वाखा माउ | १००% | ५०% (वजार मुल्यमा) | ,, ,, |
| | वोका, खसी | १००% | ५०% (वजार मुल्यमा) | ,, ,, |
| | वंगुर माउ | १००% | ५०% (वजार मुल्यमा) | ,, ,, |
| | वंगुर विर, खसिपारेको भाले | १००% | ५०% (वजार मुल्यमा) | ,, ,, |
| | | १००% | ५०% (वजार मुल्यमा) | ,, ,, |
| | | १००% | ५०% (वजार मुल्यमा) | ,, ,, |
| | कुखुरा लोकल (भाले, पोथी) | १००% | ५०% (वजार मुल्यमा) | ,, ,, |
| | दुध | मिल्क होली डे १००% | ५०% (वजार मुल्यमा) | |
| | माछा | २५- ५०% | २५% (उत्पादन मुल्यमा) | ,, ,, |

